# स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७८

**प्रस्तावना :**

यस नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी चापको तुलनामा विद्यालयमा भएको शिक्षक अभावलाई "जहाँ विद्यार्थी, त्यहाँ शिक्षक" अभियान मार्फत स्वयम्सेवक शिक्षकका रुपमा प्रभावकारी र पारदर्शी ढंगले परिचालन गरी शैक्षिक गुणस्तर अभिवृद्धि कायम गर्न वाञ्छनीय भएकोले, कविलासी नगरपालिकाको शिक्षा ऐन,२०७६ को परिच्छेद १३ को दफा ६४ को उपदफा २ को (१३) अनुसार यो कार्यविधि नगर कार्यपालिकाले बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७८"** रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ४ बमोजिमको स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ग) "स्थानीय तह" भन्नाले कविलासी नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "स्वयम्सेवक शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त शिक्षक सम्झनु पर्छ ।

**३.स्वयम्सेवक शिक्षक परिचालनको उद्देश्य :** स्वयम्सेवक शिक्षक परिचालनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयको शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ति गर्नु,

(ख) माग अनुसारको शिक्षकको परिपुर्ति गर्नु,

(ग) विद्यालयस्तरको शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुर्‍याउनु ।

## परिच्छेद -२

### स्वयम्सेवक शिक्षक व्यवस्थापन समिति सम्वन्धि व्यवस्था

४. स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन छनौट समिति (१) स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन गर्न नगरपालिकामा एक स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन छनौट समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) नगर प्रमुखबाट तोकिएको नगर शिक्षा समितिको प्रतिनिधि एक जना -सदस्य

(ग) प्रशासन शाखा प्रमुख -सदस्य

(घ) सूचना प्रविधि शाखा प्रमुख -सदस्य

(ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

(३) आवश्यकंता अनुसार नगरपालिका भित्रका विषयविज्ञ मध्येवाट बढीमा दुई जना आमन्त्रित सदस्य रहन सक्नेछ ।

५. **समितिको काम कर्तव्य र अधिकार :** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरसभाबाट स्वीकृत कार्यकम अनुसार समितिले आधारभूत र माध्यमिक तहका स्वयम्सेवक शिक्षकहरुको अनुदान कोटा (दरवन्दी) सृजना गर्न सक्नेछ ।

(ख) स्वयम्सेवक शिक्षकको व्यवस्थापन सम्वन्धी योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) स्वयम्सेवक शिक्षक कार्यको समन्वय तथा सहजीकरण गर्ने/गराउने,

(घ) स्वयम्सेवक शिक्षक सम्वन्धि कार्यक्रमको अनुगमन तथा मूल्याँकन गर्ने, गराउने,

(ङ) स्वयम्सेवक शिक्षकको संख्या र शिक्षण विषयको पहिचान गर्ने,

(च) दरखास्त फारामहरु दर्ता तथा संकलन गर्ने/गराउने,

(छ) परीक्षाको लागि निर्माण गरिएको प्रश्नपत्रको गोपनीयता कायम गर्ने,

(ज) परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्थापन गर्ने,

(झ) परीक्षाको नतिजा प्रकाशन गर्ने,

## परिच्छेद- ३

## स्वयम्सेवक शिक्षक संख्या निर्धारण, छनौट तथा नियुक्ति सम्वन्धी व्यवस्था

**६.स्वयम्सेवक शिक्षकको संख्या निर्धारण :** समितिले हाल विद्यालयमा कायम रहेको दरवन्दी, राहत अनुदान कोटा, बालविकास केन्द्र समेतलाई गणना गरी दरवन्दी अपुग भएको विद्यालयमा स्वयम्सेवक शिक्षक परिचालन गर्ने गरी विद्यालयको तहगत र विषयगत रुपमा स्वयम्सेवक शिक्षक संख्या निर्धारण गर्नेछ । साथै वालविकास शिक्षक आवश्यक रहेका विद्यालयको समेत गणना गर्नेछ ।

**७. स्वयम्सेवक शिक्षकको आवेदन सम्वन्धी व्यवस्था :–** (१) नगरपालिकाले स्वयम्सेवक शिक्षकको रुपमा सेवा गर्न चाहने व्यक्तिले आवेदन दिने प्रयोजनको लागि स्थानीय पत्रिका वा रेडियो र नगरको वेवसाईटमा कम्तीमा पन्ध्र दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी आव्हान गर्नेछ ।

(२) स्वयम्सेवक शिक्षकको रुपमा सेवा गर्न चाहने दफा ९ बमोजिमको योग्यता भएको व्यक्तिले अनुसूचि- १ बमोजिमको ढाँचामा नगरपालिकामा आवेदन दिनु पर्नेछ ।

(३) आवेदन शुल्क : आधारभूत तह (१-५)को हकमा रु ७००/-, आधारभूत तह (१-८) को हकमा रु १०००/- र माध्यमिक तहको हकमा रु १५००/- को नगदि रसिद आवेदन फारामसंग संलग्न गर्नु पर्नेछ ।

**८.सूचि प्रकाशन गर्ने:** (१) तोकिएको अवधिभित्र दरखास्त दिई स्वीकृत भएका आवेदकहरुको फारम रुजु गरी सूचि प्रकाशन गरिनेछ ।

(२) स्वीकृत आवेदकहरुले मात्र छनौट प्रकृयामा सहभागि हुन पाउनेछ ।

(क) आवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको प्राप्ताङ्कका आधारमा योग्यताक्रम निर्धारण गरी सूचि तयार गर्ने,

(ख) स्थानीय आवेदकलाई प्राथमिकता दिइनेछ ,

(ग) निजीश्रोतमा यसै पालिकाको सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकलाई प्राथमिकता दिइनेछ ।

**९.स्वयम्सेवक शिक्षक हुन चाहिने योग्यता :–** (१) स्वयम्सेवक शिक्षक हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :–

(क) नेपाली नागरिक,

(ख) अठार वर्ष उमेर पूरा भई चालिस वर्ष उमेर ननाघेको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको

(च) अध्यापन अनुमति पत्र लिएको

२. आधारभूत तह (१–५) को हकमा प्रवीणता प्रमाण पत्र, + २, वा सो सरह उत्तिर्ण भएको ,

३. आधारभूत तह (६–८) को हकमा सम्वन्धित विषयमा प्रवीणता प्रमाण पत्र, + २, वा सो सरह उत्तिर्ण भएको ,

४.माध्यमिक तह (९–१२) को हकमा सम्वन्धित विषयमा स्नातक वा सो सरह उत्तिर्ण भएको ;

तर आधारभूत तह (६–८) र माध्यमिक तहको अंग्रेजी, गणित, विज्ञान र कम्प्यूटर विषयको स्वयम्सेवक शिक्षकको हकमा अध्यापन अनुमति पत्र नभएपनि आवेदन दिन सक्नेछ ।

**१०. परीक्षा प्रणाली :** (१) स्वयम्सेवक शिक्षक छनौटको लागि देहाय वमोजिमको परीक्षा प्रणाली हुनेछ ,

(क) लिखित परीक्षा

(ख) अन्तर्वार्ता

(ग) कक्षा अवलोकन

(२) लिखित परीक्षा विषयगत वा वस्तुगत वा दुबै हुन सक्नेछ । लिखित परीक्षाको पूर्णाङ्क १०० अंक र उतिर्णाङ्क ४० प्रतिशत अंक हुनेछ । लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा योग्यताक्रमको आधारमा माँग संख्यामा २० प्रतिशत संख्या र थप एक गरी नतिजा प्रकाशन गरिनेछ ।

(३) अन्तर्वार्ता २० पूर्णाङ्कको हुनेछ । अन्तर्वार्ताको आधार शैक्षिक योग्यता, अनुभव, स्थानीयता र प्रत्यक्ष अन्तार्वार्तालाई लिइनेछ ।

(क) शैक्षिक योग्यता (५ अंक) : प्रथम श्रेणी वापत ५, द्वितीय श्रेणी वापत ३, तृतीय श्रेणी वापत २

(ख) अनुभव वापत (३अंक) : स्थानीय पालिकाको सामुदायिक विद्यालयमा निजीस्रोत वा सट्टा शिक्षकको रुपमा कार्यरत व्यक्तिलाई देहाय बमोजिमको अंक दिईनेछ । १ वर्ष भन्दा कम शिक्षण गरे वापत १ अंक, १ वर्षदेखि २ वर्ष सम्म शिक्षण गरे वापत २ अंक, र २ वर्ष भन्दा बढी शिक्षण गरे वापत ३ अंक दिईनेछ ।

(ग) स्थानीय वापत २ अंक दिइनेछ ।

(घ) प्रत्यक्ष अन्तर्वार्ता वापत १० अंकको हुनेछ ।

(४) कक्षा अवलोकनमा विषयवस्तुको ज्ञान,प्रस्तुति,विधि र हाउभाउ वापत ५अंक हुनेछ ।

**११. पाठ्यक्रम :** शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम हुनेछ ।

**१२.स्वयम्सेवक शिक्षकको नियुक्ति :–** (१) शिक्षक छनौट समितिले सिफारिस गरेको व्यक्तिलाई नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले अनुसूचि-२ बमोजिमको ढाँचामा सम्झौता गरी नियुक्ति गर्नु पर्नेछ ।

(२) नियुक्ति भएको मितिले सात दिनभित्र विद्यालयमा हाजिर भई स्वयम्सेवक शिक्षकले शिक्षण कार्य प्रारम्भ गर्नुपर्नेछ । सो अवधिभित्र शिक्षण कार्य प्रारम्भ नगरेमा नियुक्ति स्वत बदर हुनेछ । साथै सो स्थानमा योग्यताक्रम अनुसारको वैकल्पिक उम्मेदवारसंग करार सम्झौता गरी नियुक्ति गरिनेछ ।

(३) स्वयम्सेवक शिक्षकले कुनै कारणवस कार्य अवधि पूरा नहुदै सेवा छाडनु पर्ने भएमा दुई महिना अगावै सम्वन्धित विद्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रिक्त स्थानमा बाँकी अवधिका लागि मात्र नगरपालिकाको शिक्षा शाखाले योग्यताक्रमको वैकल्पिक उम्मेदवार मध्येबाट सिफारिस गरेको व्यक्तिसँग सम्झौता गरी नियुक्ति गर्नु पर्नेछ ।

(५) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ ।

**१३. सरुवा नहुने :** नगर शिक्षा समितिको निर्णयले स्वयम्सेवक शिक्षकको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन सक्नेछ ।

**१४.स्वयम्सेवक शिक्षकको काम कर्तव्यर अधिकार :** स्वयम्सेवक शिक्षकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) विद्यालयमा नियमित उपस्थित भई विद्यालयले तोकेको शैक्षिक कार्यमा सलग्न रहनुपर्ने ,

(ख) हप्तामा न्यूनतम चौबीस घण्टी (पिरियड) अध्यापन गर्नुपर्ने,

(ग) पाठ्यक्रमले निर्धारण गरे बमोजिमको औपचारिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयमा विद्यार्थीको शैक्षिकस्तर मूल्याङ्कन गर्ने,

(घ) विद्यालयले तोकेको अन्य कार्यहरु गर्ने ।

(ङ) शैक्षिक कार्ययोजनाको पाठ्यक्रम बनाई प्र अ.वाट स्वीकृत गराई अध्यापन गर्नु पर्ने ।

**१५.स्वयम्सेवक शिक्षकको अवकास सम्वन्धी व्यवस्था :** (१) स्वयम्सेवक शिक्षकलाई देहाय बमोजिमको अवस्थामा नगरपालिकाले अवकाश दिन सक्नेछ ।

(क) सम्झौता बमोजिमको अवधि समाप्त भएमा,

(ख) स्वेच्छिक रुपले अवकाश लिने इच्छा गरी प्रधानाध्यापक समक्ष दुई महिना अगावै लिखित निवेदन दिएमा,

(ग) शारीरिक अस्वस्थताको कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा,

(घ) खराव आचरण प्रदर्शन गरेमा,

(ङ) विना सूचना पन्ध्र दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा,

(च) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिए भए तापनि उपदफा (१) को खण्ड (चं) बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले पर्याप्त आधार र प्रमाण सहित सिफारिस गरेको स्वयम्सेवक शिक्षकलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी हटाउन सक्नेछ ।

तर त्यसरी हटाउन अघि निजलाई एक पटकका लागि सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

परिच्छेद–४

स्वयम्सेवकको सेवा शर्त र सुविधा

**१६. स्वयम्सेवक शिक्षकको सेवा शर्त :** (१) स्वयम्सेवक शिक्षकको कार्यअवधि सेवा करार नियुक्ति भएको एक शैक्षिक वर्ष भर हुनेछ । निजको कार्यसम्पादन स्तर प्रधानाध्यापकबाट सन्तोषजनक प्रमाणित भएमा र स्वयम्सेवक शिक्षकको आवश्यकता भएमा सेवा करार नविकरण गर्न सकिनेछ ।

(२) स्वयम्सेवक शिक्षकले नियुक्ति भएको विद्यालयमा उपस्थित भई तोकिएको विषयमा नियमित शिक्षण गर्नु पर्नेछ ।

(३) स्वयम्सेवक शिक्षकले सम्झौतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(४) स्वयम्सेवक शिक्षकलाई अनुसूचि ३ बमोजिमको मासिक निर्वाह खर्च दिइनेछ ।

**१७. स्वयम्सेवक शिक्षकको विदा :** (१)स्वयम्सेवक शिक्षकले देहाय बमोजिमको विदा पाउनेछः–

(क) विद्यालयमा रुजु हाजिरीको आधारमा प्रत्येक महिनाको एक दिन भैपरि आउने वा पर्व विदा,

(ख) विरामी विदा महिनाको एक दिन,

(ग) आफ्नो रीत र परम्परा अनुसार बढीमा पन्ध्र दिन किरिया विदा,

(घ) सुत्केरी विदा प्रचलित कानुन अनुसार । तर सुत्केरी स्याहार विदा पाईने छैन,

(घ) कुनै पनि संचित विदाको रकम पाउने छैन ।

(२) स्वयम्सेवक शिक्षकको बिदाको स्वीकृति सम्वन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ । विदा अधिकार नभएर सहुलियत मात्र हुनेछ ।

## परिच्छेद–५
## विविध

**१८.स्वयम्सेवक शिक्षकले पालना गर्नुपर्ने आचार संहिता :–** (१) स्वयम्सेवक शिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :–

(क) आफुले गरेका सम्झौता अनुसारको कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,
(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर गर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,
(ग) कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधि भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने,
(घ) नेपाल सरकार र स्थानीय सरकारको विद्यमान नीति र व्यवस्थाको प्रतिकुल हुने गरी कुनै पनि कार्य नगर्ने,
(ङ) सम्वन्धित निकायको नियम र कानून विपरीतको कार्य नगर्ने,
(च) इमान्दार, शिष्ट, नम्र,पारदर्शी र सदाचार व्यवहार अवलम्वन गर्ने ।
(छ) प्रधानाध्यापकको प्रत्यक्ष निर्देशनमा रही शैक्षिक तथा अतिरिक्त कृयाकलापहरु गर्ने ।

(२) दण्ड सजाय :

(क) प्रचलित कानुन र तोकिएको आचारसंहिता विपरीत काम गरेको खण्डमा कानुन बमोजिम सजाय हुनेछ ।
(ख) विना सूचना लगातार सात दिन भन्दा बढी अनुपस्थित भएमा पन्ध्र दिनको निर्वाह खर्च कट्टा गरिनेछ ।

तर माथिको दण्ड सजाय दिनु पूर्व सफाई पेश गर्ने मौका दिइनेछ र चितबुझ्दो स्पष्टीकरण नभएमा तोकिएको कार्यवाही गरिनेछ ।

**१९.प्रमाणपत्र दिनुपर्ने :–** स्वयम्सेवक शिक्षकलाई सम्झौता बमोजिको कम्तिमा एक शैक्षिक वर्ष कार्य अवधि पूरा गरेपछि नगरपालिकाले अनुसूचि ४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ ।

**२०.स्वयम्सेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने :** संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा नगरपालिकाले स्वयम्सेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्ने छ ।

**२१.संशोधन :** यो कार्यविधिमा कुनै कुरा थप घट वा संशोधन गर्नु परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**२२.बाझिएमा अमान्य हुने :** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

# अनुसूचि –१

(दफा ७ को उपदफा (२) सँग सम्वन्धित)

## स्वयम्सेवकशिक्षकको लागि आवेदन फारमको ढाँचा

फोटो

(क) उम्मेदवारको वैयक्तिक विवरण :

लिङ्ग : म पु.

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको नाम,थर | देवनागरीमा | | | |
| | अंग्रेजीमा | | | |
| नागरिकता नं. | | जारी गर्ने जिल्ला : | | मितिः– |
| स्थायी ठेगाना | जिल्ला | | न.पा./गा.पा. | |
| | टोल | | सम्पर्क नं. | |
| बाबुको नाम थर | | | आमाको नाम थर | |
| बाजेको नाम थर | | | पतिको नाम थर | |
| जन्म मिति | | | हालको उमेर | वर्ष महिना |

(ख) शैक्षिक योग्यता सम्वन्धी विवरण :

| | विश्वविद्यालय/बोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/% | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |

| उम्मेदवारको ल्याप्चे सहिछाप | | उम्मेदवारको दस्तखत | मिति |
|---|---|---|---|
| बायाँ | दायाँ | | |

(ग) संलग्न कागजातहरु :–

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

(३) अध्यापन अनुमति पत्र ।

(४) समकक्षता ।

## अनुसूचि- २

**दफा १२ कोउफदफा १ संग सम्वन्धित**

**स्वयम्सेवकशिक्षकसंग विद्यालयले गर्नु पर्ने सम्झौता पत्रको ढाँचा**

श्री कविलासी नगरपालिकाको कार्यालय (यसपछि "प्रथम पक्ष" भनिनेछ ) र ....गा.पा/न.पा.....वडा नं. .....स्थायी ठेगाना भई हाल.........................................बस्ने श्री ..................................................(यसपछि "दोश्रो पक्ष "मानिनेछ) बीच स्वयम्सेवक शिक्षकको रुपमा मिति ................देखि मिति ............सम्म विषय शिक्षण कार्य गर्न भएको सम्झौता पत्र ।

१. प्रथम पक्षले गर्नु पर्ने कार्यहरु :

क) स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७८ बमोजिम निर्वाह भत्ता वापतको रकम उपलब्ध गराउने,

ख) स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७८ बमोजिम स्वयम्सेवकले पाउने बिदाको सुविधा उपलब्ध गराउने,

ग) स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७८ को १८(१) बमोजिम स्वयम्सेवक शिक्षकको आचार संहिता पालना गराउने ।

२. दोश्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु :

क) विद्यालयमा नियमित उपस्थिति भई विद्यालयको पठनपाठनमा सहभागि हुनु पर्ने,

ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले दिएको अन्य जिम्मेवारी पूरा गर्ने,

ग) स्वयम्सेवक शिक्षक परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७८ बमोजिम स्वयम्सेवक शिक्षकको आचारसंहिता पालना गर्ने,

घ) निर्वाह भत्ता बाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दावी नगर्ने

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

| रोहवर | रोहवर |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

## अनुसूचि-३

(दफा १६को उपदफा ४ संग सम्वन्धित)

### स्वयम्सेवक शिक्षकले पाउने मासिक निर्वाह खर्च

| क.सं. | तह | रकम रु |
|---|---|---|
| १. | वालविकास शिक्षक | ८000।– |
| २. | आधारभूत तह (१–५) | १५000।– |
| ३. | आधारभूत तह (६–८) | १७000।– |
| ४. | माध्यमिक तह ( ९–१२) | २१000।– |

अनुसूचि-४

(दफा १९..संग सम्वन्धित)

स्वयम्सेवकशिक्षकलाई दिइने प्रमाणपत्रको ढाँचा

कविलासी नगरपालिका

कविलासी नगरपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

प्रमाण –पत्र

..................जिल्ला ......................गाउँपालिका/नगरपालिका .....वडा नं. ..स्थायी ठेगाना भएका श्री ..................................ले सर्लाही जिल्ला कविलासी नगरपालिकाको वडा नं. ...को श्री .............................विद्यालयमा ......विषयको शिक्षण कार्य मिति ... ....देखि ..........सम्म गर्नु भएकोले स्वयम्सेवकशिक्षक सेवाको उच्च मूल्याँकन गरी स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७८ को दफा १९ बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ ।

भविष्यमा पनि राष्ट्र निर्माणको सन्दर्भमा यहाँको अमूल्य योगदान रहने विश्वास सहित नगरपालिका तपाईको उज्जवल भविष्यको कामना गर्दछ ।

.................................

प्रमुख प्रशासकीय अधिकृत

कविलासी नगरपालिका